फो.नं.५६०११८
५६०८१६
५६००८६
दमकल ५६०४९९

# टीकापुर नगरपालिका कार्यालय
## टीकापुर, कैलाली

प.सं. :- २०७२।०७३
च.नं.: १०५५२

मिति :२०७३ । ०३ । १० गते

### घरनक्सा पास गर्ने सम्वन्धि अत्यन्त जरुरी सूचना ।

टीकापुर नगरपालिका कार्यालयले यसै आर्थिक वर्ष २०७२/७३ बाट लागु हुने गरी वस्ती विकास तथा भवन निर्माण आधारभूत मापदण्ड-२०७२, स्वीकृत गरेको हुंदा अब उप्रान्त निर्माण हुने जुनसुकै प्रकारका नयां भवनहरु नगरपालिकाद्धारा स्विकृत गरिएको मापदण्ड बमोजिम स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको व्यवस्था बमोजिम यस कार्यालयबाट अनिवार्य रुपमा नक्सा स्विकृत गरी भवन निर्माण ईजाजत पत्र लिएर मात्र निर्माण कार्य शुरु गर्नुपर्ने र यो मापदण्ड लागू हुनु पूर्व नै निर्माण भै सकेका तर हालसम्म पनि नक्सापास हुन नसकेका ३(तिन) तला वा सो भन्दा कमका भवनहरु यस अधिनै मापदण्ड बमोजिम हुने गरी नियमित गर्नका लागि यस कार्यालयबाट दर्ता गर्ने समयावधि २०७२ साल असार १० गते सम्म थप गरिएकोमा नक्सापास गर्नेको संख्या अत्याधिक वढिरहेको र तोकिएको समायावधिभित्र नक्सापास दर्ता गर्ने गर्ने कार्य अझै बाँकी रहने साथै समयावधि थप सम्वन्धि नगरवासीहरुको अनुरोधलाई मध्येनजर गरी उक्त समयावधि मिति २०७३ साल असार १५ गते सम्म मात्र थप गरिएको व्यहोरा सम्वन्धित सबै घरधनी तथा सरोकारवालाहरुमा जानकारीका लागि पुनः यो सूचना प्रकासन गरिएको छ । साथै यस न.पा. कार्यालयमा दर्ता भई प्रकृयामा रहेका घर नक्साहरु यहि असार मसान्त भित्र नक्सापास (घर नक्सा नियमित) गरी लगि सक्नुपर्ने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

टीकापुर नगरपालिका कार्यालय
टीकापुर , कैलाली
नि कार्यकारी अधिकृत